लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित
जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY
www.erupse.com साप्ताहिक

"होटल जोमसोम प्राइड"
जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६

मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

वर्ष ८, अंक १४ २०८३ जेठ ०२ गते शुक्रबार (Friday 15 May 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

# आलुमा डडुवा लाग्दा कृषक चिन्तित

अमृत बास्कुने



नेपाल मात्रै होइन, विश्वमै सबैभन्दा बढी प्रयोग हुने तरकारीमध्ये आलु अग्रस्थानमा पर्छ । तराईको समथर भूभागदेखि समुद्री सतहबाट करिब ४४ सय मिटर उचाइसम्म आलु खेती हुने भएकाले नेपालका अधिकांश जिल्लामा यसको उत्पादन हुँदै आएको छ । नेपालको प्रमुख खाद्यान्न तथा नगदे बालीमध्ये आलु महत्वपूर्ण मानिन्छ । म्याग्दी जिल्लाको पनि अधिकांश क्षेत्रमा आलुको खेती हुने गरेको छ । तर यस वर्ष आलुमा डडुवा लाग्दा उत्पादनमा कमी आउने त्रासले कृषकलाई सताएको छ ।

म्याग्दी जिल्लामा आर्थिक वर्ष २०८१/०८२ मा खायन आलु खेती विस्तारका लागि ७० हेक्टर क्षेत्रफलमा खेती गर्ने लक्ष्य राखिएको थियो । सोही वर्ष आलु खेती प्रवर्द्धनका लागि गण्डकी प्रदेश सरकारबाट १ करोड २० लाख ६ हजार रूपैयाँ बजेट विनियोजन गरिएको कृषि विकास कार्यालय म्याग्दीले जनाएको छ । कार्यालयका अनुसार एक हजार ८४ रोपनी क्षेत्रफलमा खायन आलु तथा एक सय ४१ रोपनीमा बिउ आलु उत्पादनका लागि अनुदान प्रदान गरिएको थियो । गत वर्ष जिल्लामा एक हजार दुई सय ८७ मेट्रिकटन बिउ आलु उत्पादन भएको तथ्यांक रहेको छ । जिल्लामा प्रति हेक्टर औसत साढे १८ मेट्रिकटन आलु उत्पादन हुने गरेको कृषि विकास कार्यालय म्याग्दीका बालि संरक्षण अधिकृत प्रकाश पुनले बताउनुभयो ।

पुनका अनुसार म्याग्दीको राम्चे क्षेत्र आलु उत्पादनका लागि परिचित मानिन्छ । यहाँका अधिकांश कृषकको मुख्य आम्दानीको स्रोत नै आलु खेती बनेको छ । राम्चे क्षेत्रमा रहेका करिब चार सय घरधुरीमध्ये तीन सयभन्दा बढी परिवार प्रत्यक्ष रुपमा आलु खेतीमा निर्भर छन् । तर यस वर्ष भने वेमौसमी वर्षासँगै फैलिएको डडुवा रोगले कृषकलाई चिन्तित बनाएको छ । प्रमुख नगदे बालीकै रुपमा रहेको आलुमा रोग फैलिन थालेपछि उत्पादन घट्ने चिन्ता बढेको अन्नपूर्ण गाउँपालिका ८ का वडा अध्यक्ष खमबहादुर गर्बुजाको भनाई छ ।


स्थानीय कृषकले लगातारको वेमौसमी वर्षाका कारण आलुमा डडुवा रोग देखिन थालेको बताउछन् । रोग फैलिँदै जाँदा बोट सुक्ने र उत्पादनमा प्रत्यक्ष असर पर्ने अवस्था सिर्जना भएको छ । कृषकहरुले समयमै प्राविधिक सहयोग र रोग नियन्त्रणका उपाय उपलब्ध गराउन सम्बन्धित निकायसँग माग गरेका छन् । आलुको उत्पादनको गुणस्तर बढ्नु पर्ने समयमा भएको वर्षाले गर्दा ढुसी मार्फत लाग्ने डडुवाका कारण सिंगो गाउँमा भएको सबै जसो आलुमा डडुवा देखिएको छ । आलुका लागि निकै राम्रो क्षेत्र हो । यहाँ उत्पादीत आलु देशको विभिन्न क्षेत्रमा जाने भए पनि पानी धेरै पर्दा लागेको डडुवाले गर्दा आलु उत्पादनमै कमी आउने त्रास बढेको कृषक यामबहादुर पुर्जाको भनाई छ ।

म्याग्दीमा उत्पादीत आलु मुख्य रुपमा बेनी, बागलुङ, पोखरा, चितवन तथा काठमाडौं सम्म पनि पुग्ने गरेको छ । राम्चे क्षेत्रमा उत्पादीत आलुको स्वादका कारण पनि बजारमा माग उच्च रहने गर्दछ । माग बजारमा धेरै भए पनि उत्पादनमा यस वर्ष कमी आउने देखिए पछि कृषकमा चिन्ता छाएको छ । समयमै प्राविधिक रुपमा सहयोग पाएको खण्डमा केही हद सम्म समस्या समाधान हुने मानिए पनि पूर्ण रुपमा समस्याबाट मुक्त हुन भने नसकिने देखिन्छ ।

लाईट स्टार ब्युटी पार्लर
डल हाउस एण्ड ट्रेनिङ सेन्टर
न्यूरोड, बेनी बजार म्याग्दी प्रो. मैनादेवि राई(सोनिया) ९८६४२७४१७०
हाम्रो सेवाहरू:
- आधुनिक फेसियल तथा स्किन केयर
- हेयर कटिङ एण्ड ब्लो ड्रायर सेटिङ, हेयर स्टाइल र कलरिङ
- ब्राइडल मेकअप (विशेष अफर सहित)
- मैनिक्योर, पेडिक्योर
- प्रोफेशनल ब्युटी ट्रेनिङ क्लासहरू
- वाटर प्रुफ मेकअप, माइक्रो ब्लेडीङ, माइक्रो सेडीङ,
- आइलाइसेस एक्सटेन्सन, नेल्स
- ल्यासेज एक्सटेन्सन, नेल जेल एक्सटेन्सन
किन रोज्ने हामीलाई?
- अनुभवी र मैत्रीपूर्ण स्टाफ - गुणस्तरीय प्रोडक्ट प्रयोग - आरामदायी वातावरण - उचित मूल्य

नयाँ वर्षको उपलक्ष्यमा विशेष छुट सहित विशेष कक्षाहरु सञ्चालन हुदैछन् । आफ्नो क्षमता विकास गर्ने मौकाको फाइदा लिनुहोस ।
सीप सिकेर आत्मनिर्भर बनौं
हामी सँग अनुभवी प्रशिक्षकबाट प्राक्टीकल सहितको तालिम लिनुहोस र आफ्नो करियर सुरु गर्नुहोस ।
महिला उद्यमीद्वारा हस्त निर्मित डल, कुशन, झुला, झुमरहरु पाइन्छ ।

नेशनल ड्रग सेन्टर
पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चोक, बेनीमा
प्रत्येक महिनाको पहिलो शनिबार
डा. जेम महर्जन
छाला यौन तथा कुष्टरोग विशेषज्ञ

दाग, सेतो दुबी, अनुहारको चाँया, पोतो, छालाको एलर्जी, घाउ खटिरा, कपाल झर्ने, खोइरो लानेको यौन अङ्गमा घाउ खटिरा आउने जस्ता सम्पूर्ण छाला रोगका बिरामीले समयमै सम्पर्क राख्नु होला ।
डा. आकाससमणी भण्डारी
नाक कान घाँटी रोग विशेषज्ञ

बारम्बार रुघा खोकी लाग्ने, घाँटी खसखस गर्ने, टन्सिल भएका तथा पिनास भएका, नाकमा मासु पलाएका, कान पाक्ने, कान नसुन्ने, कान कराउने, टाउको दुख्ने घुमाउने जस्ता समस्या भएका बिरामीले समयमै सम्पर्क राख्नु होला ।
साथै सोही दिन कानको सुनाइ नाप्ने र नाक, कान घाँटीमा हेर्ने इन्डस्कोपी मेसिनका साथमा आउँदै हुनुहुन्छ ।
२०८३ जेठ २ गते शनिबार
९८५७६२४३५३ शम्भुराज पाण्डे
९८६७६२९४२४ अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८
- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा
अग्रीम बुकिङको पनि व्यवस्था छ ।

सम्पादकीय

# प्रधानमन्त्रीको मौनता

देश यतिबेला अन्योल, असन्तुष्टि र अविश्वासको चक्रव्यूहमा फस्दै गएको अनुभूति जनताले गरिरहेका छन् । सरकार छ, मन्त्रीहरु छन्, निर्णयहरु पनि भइरहेका छन्, तर राज्यको नेतृत्व गरिरहेको अनुभूति नागरिकले गर्न पाएका छैनन् । अझ गम्भीर कुरा, देशका ज्वलन्त विषयमा प्रधानमन्त्रीको मौनता स्वयं सरकारकै कमजोरीको प्रतीक बन्दै गएको छ । महँगी बढिरहेको छ, बेरोजगारीले युवालाई विदेश धकेलिरहेको छ, विकास निर्माण सुस्त छ, भ्रष्टाचारका आरोपहरु सतहमा आइरहेका छन्, प्रशासनिक संरचनामा असन्तुष्टि बढ्दो छ । तर यस्ता विषयमा सरकारको स्पष्ट धारणा कमै सुनिन्छ । प्रधानमन्त्री बोल्दैनन्, बोले पनि औपचारिकतामा सीमित हुन्छन् । जनताले नेतृत्वबाट आश्वासन मात्र होइन, स्पष्ट दृष्टिकोण र दृढ हस्तक्षेप खोजिरहेका बेला प्रधानमन्त्रीको मौनता झन् शंकाको विषय बनेको छ । लोकतन्त्रमा मौनता कहिलेकाहीं सहनशीलताको संकेत हुन सक्छ, तर निरन्तर मौन बस्नु नेतृत्वको कमजोरी पनि बन्न सक्छ । सरकारमाथि प्रश्न उठिरहेका बेला प्रधानमन्त्रीले जनताको अगाडि उभिएर जवाफ दिनुपर्ने हो । संसद्, सञ्चारमाध्यम र सार्वजनिक मञ्चमार्फत जनताको चासो सम्बोधन गर्नुपर्ने हो । तर अहिले परिस्थिति उल्टो देखिएको छ । सरकार आलोचनाबाट भागिरहेको जस्तो देखिन्छ ।

अर्कोतर्फ विपक्षी दलहरु पनि जिम्मेवार विकल्प बन्न सकेका छैनन् । विरोधका नाममा संसद् अवरुद्ध गर्ने, नाराबाजी गर्ने र राजनीतिक उत्तेजना सिर्जना गर्ने काम मात्र बढेको छ । जनताले सशक्त प्रतिपक्ष चाहेका हुन्, तर केवल विरोधका लागि विरोध होइन । नीति, योजना र वैकल्पिक दृष्टिकोणसहितको प्रतिपक्ष लोकतन्त्रको सौन्दर्य हो । दुर्भाग्य, अहिलेको राजनीतिक परिदृश्यमा त्यो परिपक्वता कम देखिन्छ । विपक्षीले सरकारका कमजोरीमाथि प्रहार गरिरहेका छन्, तर उनीहरु स्वयं विगतका असफलता र विवादबाट मुक्त छैनन् । त्यसैले उनीहरुको आलोचना धेरैपटक जनताका आँखामा राजनीतिक अवसरवादभन्दा माथि उठ्न सकेको छैन । संसद् जनताको मुद्दा उठाउने थलो बन्नुपर्नेमा शक्ति प्रदर्शनको रंगशाला जस्तो बन्दै गएको छ ।

सबैभन्दा ठूलो पीडा आम नागरिकले भोगिरहेका छन् । जनताले स्थिरता खोजेका थिए, परिणाम खोजेका थिए, सुशासन खोजेका थिए । तर अहिले उनीहरुले देखिरहेको दृश्य भने सत्ता जोगाउने खेल, मौन नेतृत्व र आरोप-प्रत्यारोपमै सीमित राजनीति हो । सरकार जनतासँग टाढिँदै गएको छ भने विपक्षी जनताको भरोसा जित्ने स्तरमा उक्लिन सकेको छैन । राजनीतिमा नेतृत्वको मूल्य संकटका बेला परीक्षण हुन्छ । अहिले देशले स्पष्ट नेतृत्व खोजिरहेको छ । प्रधानमन्त्री मौन बसिरहने र विपक्षी केवल विरोधमै सीमित रहने हो भने लोकतन्त्रप्रति जनताको विश्वास कमजोर बन्दै जानेछ । जनताले भाषण होइन, जवाफ खोजिरहेका छन् । सत्ता र प्रतिपक्ष दुवैले बुझ्नुपर्ने यही सबैभन्दा ठूलो सन्देश हो ।

# अन्नपूर्ण गाउँपालिकाको स्वास्थ्य यात्राः उपलब्धिको उज्यालो र एम्बुलेन्सको आध्यारो

म्याग्दी कान्छो हिमाली जिल्ला हो र त्यही हिमालहरु मध्येको एक अन्नपुर्ण हिमाल पनि म्याग्दी मै पर्छ । अन्नपुर्ण हिमालको नामबाटै नामाकरण गरिएको अन्नपुर्ण गाउँपालिका हिमालको चिसो सास, भीरपाखाले चिरेको भूगोल, बस्तीभन्दा धेरै उकालो-ओरालो र सुविधाभन्दा धेरै संघर्ष यही यथार्थको बीचमा अवस्थित छ । संसारकै चर्चित पदमार्गहरुको प्रवेशद्वार मानिने यो भूगोल प्राकृतिक सौन्दर्यले जति धनी छ, सेवा प्रवाहका दृष्टिले त्यति नै चुनौतीपूर्ण पनि छ । यहाँको भूगोलले विकासलाई सधैं परीक्षा लिन्छ । सडक पुग्न कठिन, संचार कहिलेकाहीं अवरुद्ध, मौसम अनिश्चित र स्वास्थ्य सेवा झन् जटिल । तर, यही कठोर भूगोलभित्र अहिले एउटा नयाँ कथा जन्मिरहेको छ । त्यो कथा सडकको होइन, भवनको होइन, राजनीति वा नाराको पनि होइन । त्यो कथा हो स्वास्थ्य सेवाको । केही वर्षअघि सम्म अन्नपूर्णका धेरै गाउँमा बिरामी हुनु भनेको परिवारका लागि त्रास बन्नु थियो । रातको समयमा सुत्केरी व्यथा लागेपछि महिलालाई डोकोमा बोकेर उकालो ओरालो पार गरिन्थ्यो । वृद्ध बिरामीलाई चार जना युवाले काँध फेर्दै स्वास्थ्य चौकी पुऱ्याउँथे । सामान्य ज्वरो पनि कहिलेकाहीं निमोनिया बन्थ्यो, किनकि उपचारमा ढिलाइ हुन्थ्यो । बच्चाहरुका खोप छुट्थे । स्वास्थ्य संस्था पुग्नु आफैंमा एउटा यात्रा मात्रै नभएर कुनै पदयात्रा वा भ्रमण जस्तै थियो ।

आज अवस्था बदलिँदै गएको छ । परिवर्तन पूर्ण छैन, तर स्पष्ट छ । गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा देखाएको सक्रियता, स्वास्थ्यकर्मीहरुको समर्पण र नेतृत्व तहको प्राथमिकताले अन्नपूर्ण गाउँपालिकालाई म्याग्दीमै एउटा उदाहरणीय स्थानीय तहका रुपमा उभ्याउन थालेको छ । पछिल्लो समय गाउँपालिका अध्यक्ष भारतकुमार पुन, उपाध्यक्ष दिवा कुमारी तिलिजा पुन र स्वास्थ्य शाखा प्रमुख समुन्द्र बरुवालको नेतृत्वमा स्वास्थ्य क्षेत्रमा भएका गतिविधिहरुले गाउँपालिकाको प्राथमिकता स्पष्ट पारेका छन् "दुर्गम भए पनि स्वास्थ्य सेवाबाट कोही वञ्चित नहोस् ।"

चालु आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाले स्वास्थ्य क्षेत्रका लागि छुट्टाछुट्टै शीर्षकमा बजेट विनियोजन गरेको छ । यी बजेटहरु केवल प्रशासनिक अंक होइनन्, ती गाउँका आमाबुबाको भरोसा हुन्, सुत्केरी आमाको सुरक्षा हुन्, बच्चाको भविष्य हुन् र दुर्गम बस्तीको जीवनसँग जोडिएका आशा हुन् ।

**स्वास्थ्य क्षेत्रको बजेटः केवल रकम होइन, जीवनसँग जोडिएको योजना**

अन्नपूर्ण गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई लक्षित गर्दै विभिन्न कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ । गाउँपालिकाले महिला स्वास्थ्य स्वयंसेवीकाको लागि पोसाक




प्रोत्साहन र यातायात खर्च व्यवस्थापनका लागि १६ लाख रुपैयाँ विनियोजन गरेको छ । दुर्गम क्षेत्रमा चिकित्सक तथा अन्य कर्मचारी टिकाउन चुनौतीपूर्ण भइरहेका बेला यो निर्णयलाई स्थानीयहरुले सकारात्मक रुपमा हेरेका छन् । पालिका भित्रको स्वास्थ्य तथ्याङ्ककालागि मेरुदण्डका रुपमा रहेका महिला स्वास्थ्य स्वयंसेवीकाहरुकालागि गरिएको यो प्रयास निकै महत्वपूर्ण छ । महिला स्वास्थ्य स्वयंसेविकालाई मासिक समीक्षा, खाजा खर्च तथा प्रोत्साहन कार्यक्रमका लागि यो बजेट विनियोजन गरिएको छ । विकट बस्तीमा स्वास्थ्य सेवाको पहिलो ढोका प्रायः महिला स्वास्थ्य स्वयंसेविका नै हुन्छिन् । उनीहरुले खोप, पोषण, सुरक्षित मातृत्व, परिवार नियोजन र जनचेतनामूलक अभियानमा निर्वाह गरेको भूमिकालाई गाउँपालिकाले औपचारिक रुपमा सम्मान गर्न खोजेको देखिन्छ ।

एक्युट माउन्टेन सिकनेस तालिमका लागि तीन लाख रुपैयाँ छुट्याइएको छ । अन्नपूर्ण क्षेत्र हिमाली पर्यटनसँग प्रत्यक्ष जोडिएको भूगोल भएकाले उच्च हिमाली रोगसम्बन्धी ज्ञान र तयारी आवश्यक मानिएको छ । स्वास्थ्यकर्मी र पर्यटन व्यवसायी दुवैलाई लक्षित गरेर यस्तो तालिम सञ्चालन गर्ने योजना बनाइएको छ ।

"एक विद्यालय, एक स्वास्थ्यकर्मी" कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । विद्यालय तहबाटै स्वास्थ्य चेतना निर्माण गर्ने उद्देश्यले ल्याइएको यो कार्यक्रमले बालबालिकामा सरसफाइ, पोषण, किशोर स्वास्थ्य र मानसिक स्वास्थ्यसम्बन्धी आधारभूत जानकारी पुऱ्याउने अपेक्षा गरिएको छ ।

स्वास्थ्य शिविर सञ्चालनका लागि सात लाख रुपैयाँ बजेट छुट्याइएको छ । गाउँपालिकाका कतिपय बस्ती अझै पनि नियमित स्वास्थ्य सेवाको सहज पहुँचमा छैनन् । त्यस्ता बस्तीमा विशेषज्ञ सेवा पुऱ्याउन स्वास्थ्य शिविर उपयोगी बन्न सक्छन् । न्यूनतम सेवा मापदण्ड कार्यक्रम तथा सामग्री व्यवस्थापनका लागि बजेट विनियोजन गरिएको छ । स्वास्थ्य संस्थालाई केवल भवन होइन, सेवा दिने संरचना बनाउने उद्देश्य यसमा देखिन्छ ।

गाउँघर क्लिनिक तथा खोप सेवा सञ्चालनका लागि यातायात खर्च छुट्याइएको छ । हिमाली गाउँमा सेवा घरदैलोमा पुऱ्याउन यातायात खर्च आफैंमा ठूलो चुनौती बन्ने गरेको छ । गाउँपालिकाले त्यसलाई बुझेर बजेट व्यवस्थापन गरेको देखिन्छ । "सुनौला हजार दिन" का आमासँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिने भएको छ । गर्भावस्था र बच्चाको जन्मपछिको प्रारम्भिक चरणलाई पोषण र स्वास्थ्यका दृष्टिले महत्वपूर्ण मानिन्छ । यही अवधिमा सचेतना र निगरानी बढाउन गाउँपालिकाले कार्यक्रम अघि सारेको हो ।

गर्भवती तथा सुत्केरी आमाका लागि निःशुल्क भिडियो एक्स-रे तथा ल्याब सेवा व्यवस्थापन गरिएको छ । ग्रामीण क्षेत्रमा आर्थिक अभावका कारण गर्भ परीक्षण नगर्ने समस्या अझै विद्यमान छ । यसले जोखिमयुक्त गर्भावस्था समयमै पहिचान गर्न कठिन बनाउँछ । गाउँपालिकाको यो कार्यक्रमले सुरक्षित मातृत्व अभियानलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

आयुर्वेदिक औषधि खरिदका लागि बजेट छुट्याइएको छ । स्थानीयस्तरमा परम्परागत उपचार प्रणालीप्रति विश्वास अझै कायम रहेकाले गाउँपालिकाले आयुर्वेदलाई पनि स्वास्थ्य सेवाको सहायक माध्यमका रुपमा समेटेको देखिन्छ ।

निःशुल्क वितरणका लागि औषधि तथा औषधिजन्य सामग्री व्यवस्थापनमा २० लाख रुपैयाँ विनियोजन गरिएको छ । ग्रामीण भेगमा औषधि अभावले उपचारमा गम्भीर असर पार्ने भएकाले यो बजेटलाई महत्वपूर्ण मानिएको छ ।

पाँच शैयाको अस्पताल तथा स्वास्थ्य चौकी व्यवस्थापनका लागि बजेट छुट्याइएको छ । दोबा र हिस्तान क्षेत्रका स्वास्थ्य संस्थालाई सेवा सुविधासम्पन्न बनाउने प्रयास स्वरुप सामग्री व्यवस्थापन कार्यक्रम राखिएको हो ।

स्वास्थ्य संस्थामा गेट तथा सन्देशमूलक बोर्ड निर्माणका लागि बजेट विनियोजन गरिएको छ । स्वास्थ्य संस्थालाई व्यवस्थित र सेवामैत्री बनाउने प्रयास यसमा देखिन्छ । ल्याब उपकरण तथा अन्य सामग्री व्यवस्थापनका लागि छुट्टै बजेट राखिएको छ । स्वास्थ्य परीक्षणको पहुँच विस्तार गर्न ल्याब सेवा महत्वपूर्ण मानिन्छ ।

**शून्य होम डेलिभरीः एउटा गाउँपालिकाको ऐतिहासिक उपलब्धि** : नेपालका धेरै ग्रामीण क्षेत्रमा अझै पनि घरमै सुत्केरी हुने अवस्था विद्यमान छ । कतिपय ठाउँमा स्वास्थ्य संस्था टाढा छ, कतिपय ठाउँमा जनचेतना कमजोर छ, कतिपय ठाउँमा आर्थिक समस्या छ । तर अन्नपूर्ण गाउँपालिकाले "शून्य होम डेलिभरी" को अवस्था कायम राख्न सफल भएको दाबी गरेको छ । पछिल्लो चार वर्ष देखि लगातार शुन्य होम डेलिभरीको अवस्थामा अन्नपुर्ण गाउँपालिका रहनुले महिला स्वास्थ्य स्वयंसेवीका तथा स्वास्थ्यकर्मीको अथक प्रयास हो भन्न सकिन्छ । यो उपलब्धि सामान्य होइन । यसको अर्थ हो गाउँका गर्भवती महिलाहरु संस्थागत प्रसूति सेवामा जोडिएका छन् । यसको अर्थ हो स्वास्थ्य संस्थाप्रति जनताको धेरै नै विश्वास बढेको छ । अझै यसलाई हामीले यसरी पनि भन्न सक्छौं कि स्वास्थ्यकर्मीहरु गाउँ टोल र घरघर सम्मै पुगेका छन् ।

सुरक्षित मातृत्वका लागि महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक वर्थिङ सेन्टर र जनप्रतिनिधिबीचको समन्वय प्रभावकारी देखिएको छ । गर्भवती महिलाको नियमित निगरानी, समयमै स्वास्थ्य परीक्षण र जोखिम देखिए तुरुन्त रेफर गर्ने अभ्यासले मातृ तथा शिशु स्वास्थ्य सुधारमा ठूलो योगदान दिएको स्थानीयहरु बताउँछन् ।

**पूर्ण खोप निरन्तरताः भविष्य सुरक्षित गर्ने अभियान** : खोप कार्यक्रमलाई कुनै पनि देशको स्वास्थ्य प्रणालीको मेरुदण्ड मानिन्छ । बच्चालाई रोग लागेपछि उपचार गर्नु भन्दा

बाँकी पाँचौं पृष्ठमा

# भौगोलिक रूपमा असहज बस्तीमा मंगला गाउपालिकाको उत्कृष्ट नमुना

मंगला गाउँपालिकाका डाँडाकाँडा, भीरपाखा र खोल्साखोल्सीमा छरिएका बस्तीमा विकास अझै पनि संघर्षको अर्को नाम भन्दा फरक पर्ने छैन । गाउँपालिकाको केन्द्रसम्म पुग्न घण्टौं लाग्ने गाउँहरुमा अहिले पनि साना बालबालिका भारी बोक्ने बाटोजस्तै जोखिमपूर्ण गोरेटो पार गरेर विद्यालय पुग्ने गर्दछन् । बिरामी पर्दा गाउँघरबाट स्ट्रेचरमै बोकेर स्वास्थ्य संस्था पुऱ्याउनुपर्ने बाध्यता पनि अहिले पनि पूर्ण रुपमा हटेको छैन विगतको तुलनामा केही सहज भएको भए पनि पूर्ण रूपमा हटेको भने छैन । यस्तै पीडा, अपेक्षा र जनताको मागलाई सम्बोधन गर्ने प्रयासस्वरुप गाउँपालिकाले चालु आर्थिक वर्षमा गाउँपालिका भर गरेर कुल १५४ वटा योजना अघि सारेको छ । सीमित बजेटमा असिमित काम गर्ने गरी "गाउँसम्म विकास" पुऱ्याउने प्रयासमा गाउँपालिका जुटेको देखिन्छ ।




कृषकहरूको सहजताका लागि मंगला गाउँपालिकाले काउले कृषि समूह भवन निर्माणका लागि ८ लाख, महबिसौना बालविकास भवन निर्माणका लागि ५ लाख, सिर्जनशील कृषि तथा पशुपंक्षी कृषक समूह भवन निर्माणका लागि ८ लाख, चाङ्गा आमा समूह भवन निर्माणका लागि ७ लाख, गरिब तथा आवासविहीनलाई आवास निर्माण सहायता ४ लाख, कुहुँमालिका आमा समूह सामुदायिक भवन निर्माणका लागि १७ लाख, बिही गाउँमा किरियापुत्री भवन निर्माणका लागि ५ लाख, नेटामा सामुदायिक भवन निर्माणका लागि ७ लाख, बुकेनी आमा समूह भवन निर्माणका लागि ९ लाख, हिदी गाउँमा किरियापुत्री भवन निर्माणका लागि २० लाख ८६ हजार २ सय ९७ रूपैयाँ, वडा नं ४ मा सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माणका लागि १८ लाख, उलेना खेलमैदान मर्मत तथा स्टोर निर्माणका लागि २ लाख, महेन्द्र रत्न मावि छात्रावास भवन निर्माणका लागि ४८ लाख, दीपशिखा मावि घेराबारका लागि ५ लाख, नरसिंह आधारभूत विद्यालय घेराबार तथा गेट निर्माणका लागि २ लाख, वडा नं २ कार्यालय मर्मत तथा रंगरोगनका लागि १ लाख, वडा नं ५ कार्यालय मर्मत तथा रंगरोगनका लागि १ लाख र पूण्यजन आधारभूत विद्यालय छाना मर्मतका लागि १ लाख रूपैयाँ विनियोजन गरेको छ ।

यी योजना कागजमा लेखिएका सामान्य शीर्षक मात्र होइनन् । कतै भवनविहीन बालविकास केन्द्र छन्, कतै वर्षौंदेखि छाना चुहिने विद्यालय । कतै आमाहरु भेला हुने ठाउँ छैन भने कतै अन्तिम संस्कारका बेला बस्ने भवनसमेत छैन । गाउँपालिकाको बजेटले ती न्यूनतम आवश्यकता टाल्ने प्रयास गरेको देखिन्छ ।

त्यसैगरी गाउँपालिकाको सबैभन्दा ठूलो योजना निसम कोत्रवाङ खुल्लिया पैँयुपाटा कुहुँ पूर्णगाउँ टोड्के मोटरबाटो हो, जसका लागि १ करोड ५० लाख ४५ हजार ४ सय ६५ रूपैयाँ विनियोजन गरिएको छ । मोहनखोला देखि खर्सुङपानी नाली व्यवस्थापनका लागि २ लाख, लामोछहरा पदमार्ग तथा अन्य पूर्वाधार निर्माणका लागि ३ लाख, किमचौर देउराली सडक स्तरोन्नतिका लागि ७ लाख, आरनटोल गोरेटोबाटो निर्माणका लागि २ लाख बजेट रहेको छ । त्यस्तै अर्जेखोला झोलुङ्गेपुलका लागि १ लाख, पोक भोर्लेनी सातबिसे मोटरबाटो मर्मत तथा स्तरोन्नतिका लागि १४ लाख, भर्जुला काउले मोटरबाटो निर्माणका लागि २० लाख, भोर्लेनी भेडाबारी रोहोटे सडक निर्माणका लागि ९ लाख ५० हजार, मुहानखोला मसानघाट घोडेटो बाटो निर्माणका लागि ३ लाख, राखोर-पात्लेगरा मोटरबाटो निर्माणका लागि ४ लाख, पाखर्क मोटरबाटोका लागि ८५ हजार, पुछारटोल घुम्ती स्तरोन्नति योजनाका लागि ३ लाख ५० हजार, चिनाकोट घारसुन्ने घेराबार तथा पदमार्ग निर्माणका लागि ३ लाख, लाकुरी-महेन्द्ररत्न आधारभूत विद्यालय जाने बाटो ढलानका लागि ३ लाख, रणवाङ दरूङ हिदी सडक निर्माण तथा स्तरोन्नतिका लागि २९ लाख ५ हजार, थाइबाङ तुसारेपानी मोटरबाटो स्तरोन्नतिका लागि १७ लाख, हिदी-मालिका सडक निर्माणका लागि १८ लाख, वडा कार्यालय घलुटी निर्माण वडा नं ४ का लागि २ लाख र दह-आर्भाङ सडक स्तरोन्नतिका लागि ६ लाख रूपैयाँ छुट्याइएको छ ।

यी सडक योजनाले गाउँमा विकास पुगेको सन्देश दिन्छन् । तर वास्तविकता के छ भने कतिपय बालबालिका अझै पनि बिहान अँध्यारोमै झोला बोकेर भीरको बाटो हुँदै विद्यालय जान बाध्य छन् । गाउँमा सडक पुगे पनि गाडी नियमित चल्दैनन् । बिरामी पर्दा राति एम्बुलेन्स पुग्ने ग्यारेन्टी छैन । त्यसैले यहाँ सडक केवल पूर्वाधार होइन, जीवन र मृत्युबीचको दूरी पनि हो । मंगला गाउँपालिकाका ४ धापुङबाट कक्षा ६ पढ्न आर्भाङ आउनु पर्ने बाध्यता छ । १० वर्षका बालबालिकाहरू एकतर्फी मात्रै २ घण्टा भन्दा धेरै पैदल यात्रा गरेर जान नसक्ने हुँदा कक्षा ५ मा नै दुई वर्ष पढ्ने समेत गरेका छन् । यसको उदाहरणका रूपमा लिन सकिन्छ महेन्द्ररत्न माध्यमिक विद्यालयका कक्षा ७ मा पढ्ने विद्यार्थीहरूलाई पनि ।

बान्द्रे सडक मर्मतका लागि २ लाख, पटेरबुक मोटरबाटो निर्माण टिकावाङका लागि १ लाख ५० हजार, मौरीकुना झोलुङ्गेपुल निर्माणका लागि ३ लाख, पखेर मोटरबाटो मर्मतका लागि १ लाख, घामटाङ-झाँक्रिपानी सडक स्तरोन्नतिका लागि ६ लाख, हिदी-पनुगैरा-स्याउलाबोट मोटरबाटो निर्माणका लागि ४ लाख ४४ हजार ८ सय ५३ रूपैयाँ ८१ पैसा, पूर्णगाउँ-कालोढुंगा सडक स्तरोन्नतिका लागि ८ लाख ५० हजार, कुर्सिम्ला घोडेटो बाटो निर्माणका लागि २ लाख, मौरीकुना ट्रस्ट पुल निर्माणका लागि १ लाख ५० हजार, हिलाबाङ खोला ट्रस्ट ब्रिजका लागि १ लाख, बुकेनी-सोल्धारा मोटरबाटो निर्माणका लागि २० लाख, पुलचोक पिपलबोट पाँखुधारा सिर्कुम टिकावाङ मोटरबाटो स्तरोन्नति क्रमागत संघीय समपूरक योजनाका लागि ९१ लाख, महेश बालम ट्रस्ट पुल निर्माणका लागि १ लाख ५० हजार, महेश बालम झोलुङ्गेपुल निर्माणका लागि ३ लाख, बानियाँचौर काफलचौर सल्यान भिर्जुला थाइबाङ हिदी सडक स्तरोन्नति समपूरक योजनाका लागि ५१ लाख, कालढुंगा बस्ती कटान संरक्षणका लागि ३ लाख, खुल्लिया पहिरो संरक्षणका लागि ९ लाख र भोर्लेनी बस्ती संरक्षणका लागि ३ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

सिँचाइ योजनामा पानाबगर सिँचाइ मर्मतका लागि १ लाख ५० हजार, बाबियाचौर सिँचाइ कुलो मर्मतका लागि १ लाख ५० हजार, मुसलबारी साना सिँचाइ योजनाका लागि १ लाख, रणवाङ सिँचाइ आयोजनाका लागि ५ लाख, बाबियाचौर सिँचाइ कुलो मर्मतका लागि समानिकरणबाट २ लाख ५० हजार र प्रदेश राजस्व बाँडफाँडबाट १ लाख ५० हजार, पानाबगर सिँचाइ मर्मतका लागि थप १ लाख ५० हजार, बाह्रमुरेपोख सिँचाइ योजनाका लागि १ लाख ७५ हजार, कोत्रवाङ माझकुलो सिँचाइ आयोजनाका लागि ७ लाख, खहरेखोला रणवाङ सिँचाइ आयोजनाका लागि १ लाख ६० हजार, बाह्रमुरे पोक सिँचाइ योजनाका लागि ५ लाख, आखुटेदेखि बाकु सिँचाइ निर्माणका लागि ३ लाख, पोक मुलपानी सिँचाइका लागि १ लाख ५० हजार र कुकुरबिसौना सिँचाइ योजनाका लागि २ लाख ५० हजार बजेट राखिएको छ ।

खानेपानी योजनामा तुसारेपानी खानेपानी मर्मत योजनाका लागि २५ हजार र प्रदेश सरकारबाट २ लाख, चण्डिका खानेपानी आयोजनाका लागि ३ लाख, आर्कुटी सोरधाङ खानेपानी आयोजना मर्मतका लागि ३ लाख, छ्यारछ्यारे तल्लो बुकेनी खानेपानी योजनाका लागि ५ लाख, कुकुरबिसौना खानेपानी आयोजनाका लागि १ लाख ५० हजार, निवुवा खानेपानी मर्मतका लागि ५० हजार, तुसारेपानी खानेपानी मर्मतका लागि थप ७४ हजार ५ सय, सिमलचौर कस्केरी खानेपानी मर्मतका लागि २ लाख, उपल्लो बान्द्रे खानेपानी मर्मत योजनाका लागि २ लाख, पखेर खानेपानी ट्यांकी निर्माण योजनाका लागि २ लाख, नवुवा खानेपानी निर्माण मर्मत तथा व्यवस्थापनका लागि १ लाख ५० हजार, पहिरो-लामपाटा खानेपानी निर्माण मर्मत तथा व्यवस्थापनका लागि १ लाख ५० हजार र मुसलढुङ्गा खानेपानी मर्मतका लागि १ लाख रूपैयाँ विनियोजन गरिएको छ ।

शिक्षा र खेलकुदतर्फ श्री शारदा मावि पूर्वाधार निर्माणका लागि १२ लाख, ज्यानमिरे खेलमैदान निर्माणका लागि १ लाख, शारदा मावि भवन व्यवस्थापनका लागि २ लाख ५० हजार, गिरी स्मृति युवा क्लब खेलमैदानका लागि २ लाख ५० हजार, उलेना खेल मैदान मर्मतका लागि २ लाख, पखेर ढिकीजाँतोसहित पूर्वाधार निर्माणका लागि २ लाख, चाङ्गा बालविकास कक्षाकोठा व्यवस्थापनका लागि २ लाख, पखेर खेलमैदान निर्माणका लागि ३ लाख, मंगला गाउँपालिका प्रवेशद्वार निर्माणका लागि ४ लाख, भोर्लेनी छहरा पूर्वाधार निर्माणका लागि ३ लाख, न्यूलालीगुराँस युवा क्लब खेलमैदान स्तरोन्नतिका लागि ५ लाख, शिवालय मन्दिर मर्मत तथा घेराबार वडा नं ४ का लागि ३ लाख, महेन्द्ररत्न मावि मर्मतका लागि २ लाख, प्रगति आधारभूत विद्यालय घेराबारका लागि ३ लाख, पखेर आधारभूत विद्यालय मर्मतका लागि १ लाख ५० हजार, खोलाखर्क मन्दिर मर्मतका लागि १ लाख, लामपाटा प्रतिक्षालय निर्माणका लागि १ लाख ५० हजार, बिष्णु राष्ट्रिय आधारभूत विद्यालय भवन मर्मत तथा व्यवस्थापनका लागि ३ लाख, मंगला शिक्षा क्याम्पस पूर्वाधार निर्माणका लागि ५ लाख, जनप्रिय आधारभूत विद्यालय भवन मर्मत वडा नं ४ का लागि ३ लाख, श्री जनप्रिय आधारभूत विद्यालय भवन मर्मत तथा फर्निचर व्यवस्थापनका लागि ३ लाख र कुहुँ स्वास्थ्य चौकी मर्मतका लागि ४ लाख बजेट राखिएको छ ।

खालिपखल्ला गोरेटो बाटो मर्मतका लागि १ लाख, पैँयुपाटा-धारापानी-हर्कपले कृषि सडक निर्माणका लागि १ लाख ५० हजार, डिम्रेनीदेखि पुछारटोल कृषि सडक निर्माणका लागि २ लाख, काउलीबोटदेखि चण्डिका पदमार्ग निर्माणका लागि ३ लाख, तिलघारा मोटरबाटो निर्माण योजनाका लागि २ लाख, हर्कपले खानेपानी मर्मतका लागि १ लाख ५० हजार, तुसारेपानी खानेपानी मुहान मर्मतका लागि २ लाख ५० हजार, हरिलाल टोल ढल निकासका लागि ५० हजार, लाल युवा क्लब खेलमैदान स्तरोन्नतिका लागि ५ लाख, शिद्ध शान्ति मावि घेराबार हिदीका लागि ५ लाख, सेरा थकालडाँडा गोरेटो बाटो निर्माणका लागि २ लाख, तस्मान चोकदेखि तितिखेत सम्म जोड्ने मोटरबाटो स्तरोन्नतिका लागि ६ लाख, चुनारे चल्लेबाङ्डा मोटरबाटो निर्माणका लागि ३ लाख, कुकुरबिसौना सिँचाइ योजनाका लागि २ लाख, रणवाङ सिँचाइ आयोजनाका लागि १ लाख, शिवालय मन्दिर निर्माण सल्यानका लागि ३ लाख, सिमलचौर युवा क्लब ग्राउण्ड निर्माणका लागि ३ लाख, खुल्लिया युवा क्लब ग्राउण्ड मर्मतका लागि २ लाख, बरंजा स्वास्थ्य संस्था व्यवस्थापन योजनाका लागि २ लाख, विश्वज्योति आधारभूत विद्यालय झाँक्रिपानीमा गेट निर्माणका लागि ३ लाख, कृषि मेसिनरी औजार तथा सामग्री खरिदका लागि १ लाख ५० हजार तथा गण्डकी प्रदेशबाट २ लाख ५० हजार, सकेलडाँडा गोरेटो बाटो निर्माणका लागि ५० हजार, नयाँ गाउँ उपल्लो खरखुरे-बलबिसौना मोटरबाटो निर्माण योजनाका लागि १ लाख ५० हजार र तोरीडाँडा मोटरबाटो निर्माण योजनाका लागि २ लाख बजेट छुट्याइएको छ ।

त्यसैगरी उपल्लो बान्द्रे खानेपानी मर्मत योजनाका लागि २ लाख, पखेर खानेपानी ट्यांकी निर्माण योजनाका लागि २ लाख, गौथली युवा क्लब खेलमैदान निर्माण तथा व्यवस्थापनका लागि २ लाख ५० हजार, वडा नं ४ का सम्पूर्ण विद्यालयमा विद्युतीय हाजिरी जडानका लागि ५० हजार, महेन्द्र रत्न आधारभूत विद्यालयमा सिसिटिभी जडानका लागि ५० हजार, भित्रीवन लोहोचे सडक निर्माण योजनाका लागि ३ लाख, नवुवा खानेपानी निर्माण मर्मत तथा व्यवस्थापनका लागि १ लाख ५० हजार, पहिरो-लामपाटा खानेपानी निर्माण मर्मत तथा व्यवस्थापनका लागि १ लाख ५० हजार, दापुछहरा पर्यटकीय स्थल संरचना निर्माण तथा व्यवस्थापनका लागि १ लाख, किसानी आधारभूत विद्यालय भवन मर्मतका लागि २ लाख, मालिका मोटरबाटो निर्माणका लागि ३ लाख, मठबोट आरूखोला साउनपानी मोटरबाटो स्तरोन्नतिका लागि ४ लाख, हिलाबाङ खोला ट्रस्ट ब्रिजका लागि ३ लाख, पटेरिकु मोटरबाटो निर्माण टिकावाङका लागि ३ लाख, किमचौर मोटरबाटो निर्माणका लागि ३ लाख, मसुलबारी साना सिँचाइ योजनाका लागि १ लाख, मसुलढुङ्गा खानेपानी मर्मतका लागि १ लाख, खोलाखर्क मन्दिर मर्मतका लागि १ लाख र सिद्धार्थ खेलमैदान निर्माण धाराका लागि ३ लाख रूपैयाँ विनियोजन गरिएको छ ।मंगला गाउँपालिकाको यो बजेट केवल अंक र योजनाको सूची होइन । यो टाढाको गाउँमा पढ्न जान नसक्ने बालबालिकाको पीडा हो । यो बिरामी हुँदा डोकोमा बोकेर अस्पताल लैजानुपर्ने बाध्यता हो । यो खानेपानीको धारा सुकेको गाउँको आशा हो । यो वर्षौंदेखि बाटो नपुगेको बस्तीको प्रतीक्षा हो । सीमित बजेट भए पनि गाउँपालिकाले विकासलाई गाउँ-टोलसम्म पुऱ्याउने प्रयास गरेको देखिन्छ । तर अझै पनि प्रश्न उस्तै छ, यी योजनाले जनताको जीवन कति सहज बनाउँछन् ? किनकि विकासको वास्तविक अर्थ भवन बन्नु मात्र होइन, गाउँका बालबालिका सहज रुपमा विद्यालय पुग्न पाउनु र बिरामीले समयमै उपचार पाउनु पनि हो ।


हार्दिक बधाई
माध्यमिक शिक्षा परीक्षा (एसईई) - २०८२ मा उच्चतम् जिपिए ४.00 सहित सर्वोत्कृष्ट नतिजा हासिल गर्ने छात्र संकेत अधिकारी र छात्रा सफल खड्का लगायत उत्कृष्ट नतिजाका साथ शतप्रतिशत उत्तीर्ण हुन सफल सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै समुज्ज्वल भविष्यको कामना गर्दछौं ।
संकेत अधिकारी (४.००)
सफल खड्का (४.००)
करुणा घर्ति मगर (३.९६)
प्राप्ती कँडेल (३.९६)
सफल भण्डारी (३.९६)
आरुशी के.सी. (३.९२)
प्राप्ती मल्ल (३.९२)
सम्राट बोगटी (३.९२)
बिपशा पुर्जा (३.९१)
प्रकृति शेरचन (३.९१)
प्रिन्सा घर्ती क्षेत्री (३.९१)
सन्देश रसाइली (३.९१)
करण भण्डारी (३.८७)
रिप्सन भण्डारी (३.८७)
प्रमिला वि.क. (३.८६)
अभ्यर्समिदा श्रेष्ठ (३.८४)
दिप्सन छन्त्याल (३.८३)
मनिषा बरुवाल (३.८३)
प्रभात शर्मा (३.८३)
रक्षा रोन्तिजा (३.८३)
पुजना पुन (३.८०)
अमित शाही (३.७९)
अस्मी किसान (३.७९)
संगम वि.क. (३.७९)
संकल्प थापा (३.७९)
संस्कार खत्री (३.७९)
प्रिया जि.सी. (३.७६)
प्रदिप विश्वकर्मा (३.७५)
पुस्पा खत्री (३.७५)
प्यारजन मल्ल (३.७५)
सनम अधिकारी (३.७५)
आकृती भण्डारी (३.७४)
आयुष घर्ती (३.७४)
मेशी थजाली (३.७४)
प्रजिया कार्की (३.७४)
स्माइल घर्ती क्षेत्री (३.७४)
असिम वि.क. (३.७३)
आयुष सेन (३.७१)
अजित विश्वकर्मा (३.७१)
ऋचा पुन (३.७१)
संगम छन्त्याल (३.७१)
अप्सन चोचाङ्गी (३.७०)
अप्सन थापा (३.७०)
जेनिशा बरुवाल (३.७०)
निर्दोष घर्ति मगर (३.७०)
सोयशा पाइजा (३.७०)
सुरज निउरे (३.७०)
आशिष पुन (३.६७)
देवसन थजाली (३.६७)
प्रकाश शेरपुञ्जा (३.६७)
रेनिम पौडेल (३.६७)
रेस्मा सेरपुजा मगर (३.६७)
सायरी छन्त्याल (३.६७)
भगवती वि.क. (३.६६)
बिकल्प श्रेष्ठ (३.६६)
सिल्भिया पुन (३.६६)
आरएन भण्डारी (३.६५)
आबिष्कार शाक्य (३.६३)
एन्जल श्रीस (३.६३)
बिबश बुढाथोकी (३.६२)
पवन खत्री (३.६२)
रेयान थापा मगर (३.६२)
सुसन पुन (३.६२)
एन्जिल खत्री (३.६१)
डेभिड पुर्जा (३.६१)
आरम्भ विश्वकर्मा (३.५९)
अबिन भण्डारी (३.५९)
रविन छन्त्याल (३.५९)
लबसन घर्ती क्षेत्री (३.५८)
समिक्षा हमाल (३.५८)
रिज़न घिमिरे (३.५७)
सुजता खत्री (३.५७)
सुन्दर गर्बुजा (३.५७)
भुमिका खड्का (३.५६)
रुविना गुरुङ (३.५६)
दिपेश कुमार श्रेष्ठ (३.५५)
सिम्रन मगर (३.५४)
उत्सव पुन (३.५३)
राज सेरबुजा (३.५२)
अमृत गर्बुजा पुन (३.५१)
जेनी छन्त्याल (३.५१)
सोफिया गर्बुजा (३.५०)
निसा तुलाचन (३.४९)
रोश्लीन बुढाथोकी (३.४९)
सन्जोक पुर्जा (३.४९)
दिपलप पाइजा (३.४८)
आदेश रसाईली (३.४७)
राम बि.क. (३.४६)
सफल हमाल (३.४५)
वर्षा खत्री (३.४४)
इङ्कित पुन (३.४४)
निशान पुन (३.४४)
रोहन बुढाथोकी (३.४४)
युनिका खत्री (३.४४)
आयुषा गर्बुजा (३.४२)
रेनिश कुँवर (३.४१)
प्रसान्त पुन (३.४०)
सन्चिता गुरुङ (३.४०)
वरदान श्रेष्ठ (३.३८)
सिर्जन सेरपुजा मगर (३.३७)
दिपिका खत्री (३.३६)
रौशन जयसवाल (३.३६)
रुबिना चोखाल (३.३५)
एडिसन श्रेष्ठ (३.३३)
असिम थजाली (३.३१)
प्रमिशा बानियाँ (३.३१)
अपलस घर्ती (३.३०)
एन्जिल मल्ल (३.१७)
सुजल खत्री (३.१४)
ईशा पुन (३.१०)
दिबिसा श्रेष्ठ (२.९५)
GPA 3.6 - 4.00 65
GPA 3.20 < 3.60 42
GPA 2.80 < 3.20 4
NEW WEST POINT AWASIYA SECONDARY SCHOOL
BENI MYAGDI
ESTD 2049
TOWARDS ENLIGHTENMENT
डी.वि. दाहाल
प्रिन्सिपल
विष्णुकुमारी रोका
अध्यक्ष, शिक्षक अभिभावक संघ
कृष्णप्रसाद श्रेष्ठ
अध्यक्ष
न्यू वेष्ट प्वाइन्ट आवासीय माध्यमिक विद्यालय परिवार
बेनीबजार, म्याग्दी फोन : ०६९-५२०४७२, ५२०४७१

## उपलब्धि ......

रोग लाग्नै नदिनु बढी प्रभावकारी मानिन्छ । अन्नपूर्ण गाउँपालिकाले पूर्ण खोप सुनिश्चितता र त्यसको निरन्तरतामा उल्लेखनीय काम गरेको छ । दुर्गम बस्तीमा खोप पुऱ्याउनु सजिलो छैन । कतिपय ठाउँमा स्वास्थ्यकर्मीले घण्टौं पैदल यात्रा गर्नुपर्छ । कतिपय अवस्थामा मौसम नै बाधक बन्छ । तर गाउँपालिकाले खोप छुटेका बालबालिकालाई खोजी गरेर सेवा दिने अभ्यासलाई निरन्तरता दिएको छ । अहिलेको अवस्थामा पनि अन्नपुर्ण गाउँपालिका १ दोवाको स्वास्थ्यचौकी सम्म गाडी पुग्दैन, पैदलै पुग्नु पर्ने अवस्था छ तर पनि स्वास्थ्यचौकीमा खटेका स्वास्थ्यकर्मीले जनताको सेवालाई प्राथमिकतामा राखेर दिलो ज्यान लगाएर काम गर्दै आएका छन् ।

यसले केवल बालस्वास्थ्य मात्र होइन, समुदायको स्वास्थ्य सुरक्षालाई समेत निकै नै बलियो बनाएको मान्न सकिन्छ ।

**तथ्याङ्क व्यवस्थापन: गाउँपालिकाको अदृश्य शक्ति**

अन्नपूर्ण गाउँपालिकाको अर्को महत्वपूर्ण उपलब्धि हो उत्कृष्ट तथ्याङ्क व्यवस्थापन । धेरै स्थानीय तहमा अझै पनि योजना अनुमानका आधारमा बन्ने गरेका छन् । तर अन्नपूर्णले तथ्यमा आधारित योजना प्रणाली विकास गर्ने प्रयास गरेको देखिन्छ । कुन वडामा कति गर्भवती महिला छन् ? कुन बस्तीमा खोप छुट्ने सम्भावना बढी छ ? कुन रोगको जोखिम कहाँ छ ? कुन स्वास्थ्य संस्थामा कस्तो चाप छ ? गाउँपालिकाले यस्ता विवरण व्यवस्थित रुपमा अभिलेखीकरण गरेको बताइन्छ । जन्मेका बच्चाहरू र उनीहरुको अभिभावक तथा सम्भावित छरछिमेकीको समेत अपडेट गाउँपालिकाको स्वास्थ्य शाखा अन्तरगत छन् । तथ्याङ्क आवश्यक परेर माग्न गएको खण्डमा पनि उचित र आवश्यक तथ्याङ्कहरू जो कसैले पनि स्वास्थ्य संग सम्बन्धीत पाउन कुनै मुस्कील छैन ।

तथ्याङ्क व्यवस्थापन राम्रो हुँदा सेवा वितरण प्रभावकारी हुन्छ । बजेट कहाँ आवश्यक छ भन्ने थाहा हुन्छ । स्वास्थ्य समस्याको प्रवृत्ति बुझ्न सहज हुन्छ । यही कारण अन्नपूर्णको स्वास्थ्य शाखालाई जिल्लामै सक्रिय र व्यवस्थीत शाखाका रुपमा हेरिन थालेको छ ।

**२४ सै घण्टा स्वास्थ्यकर्मी स्ट्याण्डबाइ: सेवाभन्दा माथि समर्पण** : दुर्गम गाउँमा रातको समय सबैभन्दा कठिन हुन्छ । बिरामी अचानक गम्भीर हुन्छ । सुत्केरी व्यथा लाग्छ । बच्चालाई ज्वरो आउँछ । त्यतिबेला स्वास्थ्य संस्था बन्द भयो भने परिवारको अवस्था कल्पना गर्न कठिन हुन्छ । अन्नपूर्ण गाउँपालिकाले स्वास्थ्य संस्थामा २४ सै घण्टा स्वास्थ्यकर्मी स्ट्याण्डबाइ रहने व्यवस्था मिलाएको छ । यो केवल प्रशासनिक निर्णय होइन, ग्रामीण जनताको सुरक्षासँग जोडिएको विषय हो । स्वास्थ्यकर्मीहरु रातको समयमा पनि सेवा दिन तयार रहनु भनेको उनीहरुको व्यक्तिगत त्याग पनि हो । दुर्गम भूगोल, सीमित सुविधा र कार्यचापका बीच पनि सेवा निरन्तरता कायम राख्नु सजिलो कुरा होइन ।

**नेतृत्वको भूमिका** : स्थानीय तहको सफलता केवल बजेटले निर्धारण गर्दैन । नेतृत्वको सोच, प्राथमिकता र कार्यान्वयन क्षमताले त्यसलाई दिशा दिन्छ । अन्नपूर्ण गाउँपालिकामा अध्यक्ष भारतकुमार पुन र उपाध्यक्ष दिवा कुमारी तिलिजा पुनले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको देखिन्छ । स्वास्थ्य शाखा प्रमुख समुन्द्र बरूवालको नेतृत्वमा शाखाले कार्यक्रम कार्यान्वियनमा सक्रियता देखाएको छ ।

स्वास्थ्य सेवा केवल उपचारको विषय होइन, सामाजिक न्यायको विषय पनि हो भन्ने दृष्टिकोण गाउँपालिकाको नीति र कार्यक्रमबाट झल्किएको देखिन्छ ।

**तर, एउटा गम्भीर प्रश्न अझै बाँकी छ** : यति धेरै उपलब्धिका बीच एउटा गम्भीर कमजोरी पनि छ । गाउँपालिकाको एम्बुलेन्स बिग्रिएको अवस्था । दुर्गम गाउँमा एम्बुलेन्स केवल गाडी होइन । त्यो जीवन र मृत्युबीचको पुल हो । सुत्केरी महिलालाई समयमै अस्पताल पुऱ्याउने माध्यम हो । दुर्घटनाका बिरामी बचाउने आशा हो । वृद्धको अन्तिम भरोसा हो । तर विडम्बना, स्वास्थ्य क्षेत्रमा यति धेरै सक्रियता देखिएको गाउँपालिकाले एम्बुलेन्स मर्मत वा नयाँ खरिदलाई पर्याप्त प्राथमिकतामा राखेको स्पष्ट देखिँदैन । स्वास्थ्यकर्मी २४ घण्टा तयारी अवस्थामा बसून्, औषधि उपलब्ध होस्, सेवा प्रभावकारी होस । तर बिरामी अस्पताल पुग्न नसके त्यो उपलब्धि अधुरो रहन्छ ।

हिमाली भूगोलमा समय नै सबैभन्दा ठूलो औषधि हो । केही मिनेट ढिलो हुँदा बिरामी गम्भीर हुन सक्छ । त्यसैले एम्बुलेन्स व्यवस्थापन केवल यातायातको विषय होइन, यो स्वास्थ्य नीतिको केन्द्रिय प्रश्न हो । गाउँपालिकाले इन्धन खर्चका लागि बजेट व्यवस्था गरेको देखिए पनि बिग्रिएको एम्बुलेन्सलाई पुनः सञ्चालनमा ल्याउने स्पष्ट योजना नदेखिए जस्तो हुनु अहिलेको सबैभन्दा कमजोर पक्ष बनेको छ ।

**अन्नपूर्णको स्वास्थ्य यात्रा: प्रेरणा र चेतावनी दुवै**

अन्नपूर्ण गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा जुन प्रकारको सक्रियता देखाएको छ, त्यो ग्रामीण नेपालको सन्दर्भमा प्रेरणादायी छ । सीमित स्रोतका बीच पनि गाउँपालिकाले सुरक्षित मातृत्व, पूर्ण खोप, समुदायमा आधारित स्वास्थ्य सेवा, निःशुल्क औषधि वितरण, विद्यालय स्वास्थ्य कार्यक्रम र तथ्यमा आधारित स्वास्थ्य प्रणाली विकास गर्ने प्रयास गरेको छ । तर, यो यात्राले अर्को सन्देश पनि दिन्छ, स्वास्थ्य सेवा केवल भवन, बजेट र कार्यक्रमले मात्र पूर्ण हुँदैन । आकस्मिक सेवा, यातायात पहुँच र पूर्वाधार पनि त्यत्तिकै महत्वपूर्ण हुन्छन् ।

आज अन्नपूर्ण गाउँपालिकाले धेरै क्षेत्रमा सफलता हासिल गरेको छ । तर गाउँका नागरिक अझै एउटा प्रश्न सोधिरहेका छन्

"यदि मध्यरातमा बिरामी गम्भीर भयो भने, उसलाई अस्पताल कसले पुऱ्याउने ?" यही प्रश्नको उत्तर खोज्नु अब गाउँपालिकाको आगामी परीक्षा हुनेछ ।

**निष्कर्ष** : अन्नपूर्ण गाउँपालिकाको स्वास्थ्य यात्रा संघर्ष, प्रतिबद्धता र परिवर्तनको कथा हो । यो कथा केवल बजेट खर्चको होइन, ग्रामीण जनताको जीवनसँग जोडिएको विश्वासको कथा हो । शून्य होम डेलिभरी, पूर्ण खोप निरन्तरता, उत्कृष्ट तथ्याङ्क व्यवस्थापन र २४ सै घण्टा स्वास्थ्य सेवा जस्ता उपलब्धिले गाउँपालिकालाई जिल्लामै उदाहरणीय बनाएको छ ।

अध्यक्ष भारतकुमार पुन, उपाध्यक्ष दिवा कुमारी तिलिजा पुन, प्रमुख प्रशासकिय अधिकृत कपिल पाण्डे तथा स्वास्थ्य शाखा प्रमुख समुन्द्र बरूवालको नेतृत्वमा गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई जनमुखी बनाउने प्रयास गरेको देखिन्छ ।

अब आवश्यकता छ, उपलब्धिलाई दिगो बनाउने, स्वास्थ्य पूर्वाधारलाई अझ मजबुत बनाउने र एम्बुलेन्स जस्तो संवेदनशील सेवामा देखिएको कमजोरीलाई तत्काल सुधार गर्ने । किनकि हिमालको काखमा बस्ने नागरिकले पनि समयमै स्वास्थ्य सेवा पाउने अधिकार राख्छन् । र त्यो अधिकार सुनिश्चित गर्नु कुनै दया होइन राज्यको दायित्व हो ।

# साप्ताहिक राशीफल




**मिति :- २०८३।१।२५ देखि २०८३।०१।३१**

**मेष** - Aries(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
प्रारम्भमा आफ्नो मिहिनेतअनुसार राम्रै फल प्राप्त हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। व्यवसायमा मनग्य लाभ हुनेछ। मंगलबारपछि धन बाहिरिनाले अर्थ अभाव देखापर्न सक्छ। परिवारजनबाट टाढिनुपर्ने स्थिति आउन सक्छ। तापनि प्रयत्न गर्दा यात्रा गर्ने साइत जुर्न सक्छ। साथीभाइ टाढिए पनि शुभचिन्तक भेटिनेछन्। सप्ताहान्ततिर अध्ययनमा प्रगति हुनेछ। स्वादिष्ट भोजन, उपहार र मानसम्मानको भागीदार भइनेछ। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्‍याउनेछ।

**वृष** - Taurus (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)
प्रारम्भमा एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। आफन्त र साथीभाइबाट काममा सहयोग मिल्नेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्नेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। आम्दानीका स्रोतहरु बढ्नेछन् भने मनग्य धन संग्रह हुनेछ। पछिसम्म फाइदा हुने काम सुरू गर्ने अवसर प्राप्त हुनेछ। तर सप्ताहान्तमा आम्दानी रोकिनेछ र फजुल खर्च पनि बढ्नेछ। ऋणभार समेत बढ्न सक्छ। समयमा होसियार नबन्दा काममा बाधा पुग्नेछ। प्रयत्न गर्दा यात्राको अवसर जुट्न सक्छ।

**मिथुन** - Gemini (का, कि, कु, घ, ङ, छ, के, को, हा)
प्रारम्भमा सामाजिक समस्या सुल्झाउने जिम्मेवारी आउन सक्छ। स्वास्थ्य कमजोर रहनेछ भने अरूको मुख ताक्नाले काम रोकिनेछ। साथीभाइ टाढिनेछन्। मंगलवारपछि स्थितिमा सुधार आउनाले नयाँ काम प्रारम्भ हुनेछ। नोकरी र व्यवसायमा प्रगति हुनेछ। तारिफयोग्य काम बन्नाले यशको भागीदार समेत भइनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। सप्ताहान्तमा आयस्रोत सबल देखिनेछ। तर आफ्नो कर्मफल अरुले हत्याउने चेष्टा गर्नेछन्। खर्चिलो काम थाल्नाले ऋण-कर्जाको आवश्यकता पर्न सक्छ। लगानीमा रकम खर्च हुनेछ।

**कर्कट** - Cancer (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
साता केही उतारचढावमय रहनेछ। प्रारम्भ रमाइलो देखिए पनि अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला। कामको बोझ थपिनेछ भने अर्थ अभावले योजना रोकिन सक्छ। आफ्ना कमजोरीको फाइदा उठाउनेहरु सक्रिय हुनेछन्। अरुको स्वार्थमा उपयोग भइनेछ। केही विवादास्पद जिम्मेवारी पनि वहन गर्नुपर्ला। हुलमुलका बेला धनमाल सुरक्षामा ध्यान दिनुहोला। सप्ताहान्तमा स्थिति अनुकूल बन्नुका साथै कर्मयोगले भविष्यप्रति आशा जगाउनेछ। मिहिनेतले सामाजिक प्रतिष्ठा दिलाउनेछ। पेसा-व्यवसायमा फाइदा हुनेछ।

**सिंह** - Leo (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
प्रियभेटले साताको प्रारम्भ रमाइलो रहनेछ। तारिफयोग्य काम सम्पादन हुनाले नाम, दाम र इनाम प्राप्त गर्न सकिनेछ। विशेष उपहारका साथ प्रेमको प्रस्ताव प्राप्त हुन सक्छ। रमाइलो यात्रा र भेटघाटमा मन रमाउनेछ। बीचमा भने स्वास्थ्य कमजोर रहनुका साथै काम बिग्रने डरले पिरोल्न सक्छ। तापनि समस्या दर्साउँदा केही सहयोगीहरु जुट्नेछन्। बुद्धिको उपयोगले सफलताको सूत्र पत्ता लगाउन सकिनेछ। गोपनीयतामा भने अलि सजग रहनुहोला। पहिले साथ दिनेहरुले सप्ताहान्तमा भने हात झिक्नेछन्। अस्वस्थताका बीच कामको बोझ थपिनेछ।

**कन्या** - Virgo (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)
प्रारम्भमा पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउनेछ भने आँटले लक्ष्यमा पुर्याउन सक्छ। भौतिक साधन जुट्नुका साथै दिगो काम प्रारम्भ हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। व्यापारका सन्दर्भमा रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ। मनग्य अर्थलाभ हुनाले भौतिक साधन जुटाउन सकिनेछ। सप्ताहान्तमा भने स्वास्थ्यमा समस्या आउन सक्छ। आफ्नो क्षेत्राधिकार संकुचित बन्न सक्छ। अधिकार र प्रतिष्ठा जोगाउन गोपनीयतामा ध्यान पुर्याउनुहोला। आम्दानी रोकिए पनि उपलब्धि जोगाउने प्रयत्न गर्नुहोला।

**तुला** - Libra (रा, रि, रू, रे, रो, ता, ति, तु, ते)
सुरुमा पेटको मौसमी गडबडीले सताउन सक्छ, खानपानमा सजग रहनुहोला। काम अड्किनाले व्यावहारिक चुनौती देखिएला। मंगलवारपछि स्थितिमा सुधार आउनुका साथै चुनौतीहरु स्वतः सुल्झनेछन्। रोकिएको काम सम्पादन हुनेछ। प्रतिस्पर्धाले थप उचाइमा पुर्याउन सक्छ। आँटले काम लिन सकिनेछ। आम्दानीको दिगो स्रोत जुट्न सक्छ। प्रतिभाद्वारा धेरैलाई उछिन्न सकिनेछ। व्यापार र उद्योगमा फाइदा हुनेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको गाँठो कसिने समय छ। व्यवसायका लागि यात्राको साइत जुर्न सक्छ। आतिथ्यपूर्ण सम्मान पाइनेछ।

**वृश्चिक** - Scorpio (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
सुरुमा पारिवारिक उल्झनले काममा बाधा पुग्नेछ। साइनो गाँस्नेहरुले केही दुःख दिन सक्छन्। काम बिग्रने चिन्ताले सताउन सक्छ। नजिकका साथीभाइ टाढिनाले आत्मबलमा कमी आउनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी एक्लै वहन गर्नुपर्ने हुन सक्छ। स्वास्थ्य बिग्रनाले पढाइमा पनि लक्ष्य प्राप्त नहुन सक्छ। केही समस्या देखिए पनि पहिलेको साख र उपलब्धि जोगाउने प्रयत्न गर्नुहोला। सप्ताहान्तमा स्थिति अनुकूल बन्नाले कामका बाधाहरु हट्नेछन्। गुमेको अवसर पुनः प्राप्त हुनेछ। प्रतिस्पर्धीले हार खानेछन् र सफलताले उत्साह जगाउनेछ।

**धनु** - Sagittarius (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)
सुरुमा सहयोगीहरुको साथ जुट्नाले काम बन्नेछ। प्रतिस्पर्धामा अग्रस्थान हासिल गर्न सकिनेछ। प्रतिद्वन्द्वीहरुले सम्झौताको ढोका खोल्नेछन्। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। प्रारम्भ उत्साहपूर्ण देखिए पनि मंगलवारपछि व्यावहारिक समस्या देखापर्नेछन्। बेसुरमा निर्णय लिने बानीले समस्या निम्त्याउनेछ। काम बिग्रने डरले सताउन सक्छ। आफ्नाले धोका दिनेछन् भने नजिकका साथीभाइसँग दूरी बढ्नेछ। साइनो-सञ्जालबाट टाढा रहँदा राम्रो हुनेछ। सप्ताहान्तमा स्वास्थ्य कमजोर रहनेछ भने अध्ययनमा समेत बाधा पर्नेछ।

**मकर** - Capricorn (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)
प्रारम्भमा वादविवादले समस्या निम्त्याउन सक्छ। बोली-व्यवहारमा होस पुर्याउनुहोला। हठात् निर्णय गर्दा काम बिग्रन सक्छ। हातबाट धनमालसमेत बाहिरिने सम्भावना छ, सजग रहनुहोला। मंगलवारपछि स्थिति अनुकूल बन्नाले रोकिएका धेरै काम सम्पादन हुनेछन्। काममा सफलता प्राप्त हुनाले थप उत्साहित भइनेछ। प्रतिस्पर्धीहरुलाई समेत उछिन्न सफल भइनेछ। हिम्मत गर्दा ठूलै चुनौती पन्छाउन सकिनेछ। सप्ताहान्तमा भने घरेलु समस्यामा अल्झनुपर्ला। साइनो सञ्जालबाट टाढा रहँदा राम्रो हुनेछ। अरुको भर पर्दा धोका पाइनेछ।

**कुम्भ** - Aquarius (गु, गे, गो, सा, सि, सु, से, सो, द)
विभिन्न अवसर प्राप्त भए पनि महत्त्वाकांक्षाले समस्या निम्त्याउन सक्छ। भेटघाटमा अलमलिनाले लक्ष्यमा पुग्न बाधा पर्नेछ। ठूलो भागको आशा राख्दा बनेको काम समेत दोहोर्याउनुपर्ला। बेसुरमा वचन दिने बानीले पनि दुःख पाइनेछ। बीचमा धनमाल हराउने र खर्च बढ्ने सम्भावना छ। वादविवादले मानसम्मानमा पनि आघात पुर्याउन सक्छ, सजग रहनुहोला। सप्ताहान्तमा उपहार तथा सुविधाका वस्तुहरु जुट्नेछन्। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ। सहयोगीहरुले राम्रो साथ दिनेछन्। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**मीन** - Pisces (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)
प्रारम्भमा केही दौडधुपका साथ काममा जुट्नुपर्ला। खर्च बढ्ने र आम्दानीमा कमी आउने सम्भावना छ। बन्ने लागेको काम बिग्रनाले पुनः दोहोर्याउनुपर्ला। मंगलवारपछि स्थितिमा सुधार आउनाले प्रतिष्ठित काम गर्न सकिनेछ। विशेष जमघटले फाइदा दिलाउनेछ। रचनात्मक कामले धेरैलाई आकर्षित गर्न सकिनेछ। साथीभाइको सहयोगले विशेष जिम्मेवारी प्राप्त हुन सक्छ। तर, सप्ताहान्तमा घरखर्च बढ्नेछ। भौतिक साधनको कमीले पनि अप्ठ्यारो पर्न सक्छ। अरुको बहकाउमा परिनाले काम बिग्रन सक्छ, वादविवादमा अघि नसर्नुहोला।

# १ साताको तस्बीर




**फोटो क्याप्सन :-** अन्नपूर्ण गाउँपालिका ८ राम्चेलाई पूर्ण खोप सुनिश्चितता तथा दिगो पना घोषणा गरिदै । नेपाल सरकारको नीति अनुसार हरेक वर्ष पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने कार्यक्रम अनुसार अन्नपुर्ण गाउँपालिकाले पालिका भित्रका सबै वडा पूर्ण खोप घोषणा गरेको हो । अब छिटै पूर्ण खोप पालिका घोषणा हुनेछ । *तस्बीर : म्याग्दी नेपाल साप्ताहिक*

प्रो.पुर्ण गौचन ९८५७६३०२७८
**होटल हिलभ्यू, थकाली भान्साघर**
पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९
पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।













लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी